मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे
पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर
मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क ६८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ चैत ११ गते बुधबार ❑ 25 Mar. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

### पोखरामा 'विश्व क्षयरोग दिवस' मनाइयो

# गण्डकीमा यस वर्ष १,४५३ क्षयरोगी भेटिए

**पोखरापत्र संवाददाता**
पोखरा, १० चैत

'हो, हामी क्षयरोग अन्त्य गर्छौं: राष्ट्रिय अभियान, हाम्रो योगदान' भन्ने नाराका साथ मंगलबार विश्व क्षयरोग दिवस पोखरामा पनि मनाइएको छ।

देशभर विभिन्न कार्यक्रम गरी उक्त दिवस मनाएको सन्दर्भमा मंगलबार अन्तरक्रिया कार्यक्रम, र्‍याली तथा नाटक प्रर्दशनी लगायतका कार्यक्रम गरी गण्डकी प्रदेशको राजधानि पोखरामा पनि विश्व क्षयरोग दिवस मनाइएको हो।




यसै सन्दर्भमा गण्डकी प्रदेशमा चालु आर्थिक वर्ष आठ महिनामै १ हजार ४ सय ५३ जना क्षयरोगका बिरामी फेला परेका छन्। जस मध्य २२ जना बालबालिका, ५ सय ५१ ज्ना महिला र ९ सय २ जना पुरुष क्षयरोगका बिरामी प्रदेशमा भेटिएको प्रादेशिक रोग नियन्त्रण कार्यालय पोखराका कार्यक्रम अधिकृत सन्तोष पौडेलले बताउनु भयो। यो सङ्ख्या गण्डकी प्रदेशमा गत बर्ष भने २ हजार ८ सय १ जना क्षयरोगका बिरामी भेटिएको उहाँले जनाउनु भयो। एआई प्रविधिसहितको एक्स-रे मेसिन प्रयोग गरेर दुर्गम क्षेत्रमा समेत परीक्षण विस्तार गरिएको कार्यक्रम अधिकृत पौडेलले जनाउनु भयो। नेपालमा प्रमुख जनस्वास्थ्य समस्याको रूपमा रहेको क्षयरोग नियन्त्रण र अन्त्यका लागि सरकार तथा सरोकारवाला निकायले सक्रिय पहल गरिरहेका छन्। गण्डकी प्रदेश सरकारले गाउँ-गाउँसम्म पुगेर बिरामी खोज्ने अभियानलाई तीव्रता दिएको जनाएको छ। गण्डकी प्रदेशका स्वास्थ्य मन्त्री कृष्ण पाठकले क्षयरोग पहिचान र उपचारलाई प्राथमिकतामा राखेर कार्यक्रम सञ्चालन भइरहेको बताउनुभयो। विश्व स्वास्थ्य सङ्गठन का अनुसार सन् २०२४ मा नेपालमा करिब ६७ हजार नयाँ क्षयरोगी फेला परेका छन्। देशभर ६,२४१ स्वास्थ्य संस्थाबाट क्षयरोगको उपचार सेवा उपलब्ध छ भने ७८५ संस्थामा माइक्रोस्कोपी सेवा र १४२ संस्थामा निःशुल्क द्रुत परीक्षण सेवा सञ्चालनमा छन्। गण्डकी प्रदेशमा मात्रै ८२ ९ डट्स केन्द्र, ३ वटा औषधि प्रतिरोधी क्षयरोग उपचार केन्द्र, १ वटा प्रेषण व्यवस्थापन केन्द्र, ११ उपकेन्द्र, १०१ माइक्रोस्कोपी केन्द्र, १० जिन एक्सपर्ट केन्द्र र ३ एक्सडिआर केन्द्र सञ्चालनमा छन्। विश्व स्वास्थ्य सङ्गठनका अनुसार हरेक वर्ष विश्वभर करिब ८० लाख नयाँ क्षयरोगी थपिने गरेका छन्। स्वास्थ्यकर्मीका अनुसार तीन हप्ताभन्दा बढी लगातार खोकी लाग्ने, खकारमा रगत देखिने, सास फेर्न गाह्रो हुने, छाती भारी हुने, अचानक तौल घट्ने, अत्यधिक पसिना आउने तथा थकान महसुस हुने लक्षण देखिएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा परीक्षण गराउन आवश्यक हुन्छ। नेपालले सन् २०३५ सम्म क्षयरोग अति न्यून गर्ने र २०५० सम्म देशलाई पूर्ण रूपमा क्षयरोगमुक्त बनाउने लक्ष्य लिएको छ। यसका लागि जनचेतना, समयमै परीक्षण र नियमित उपचारमा सबैको सहभागिता अपरिहार्य रहेको सरोकारवालाहरूले बताएका छन्। सरकारले एक क्षयरोगी बिरामीको लागि निशुलक उपचार गरेको छ जसको उपचार खर्च करिब एक लाख लगानी हुने गरेको बताइन्छ। क्षयरोग दिवसको अवसरमा पोखरामा मंगलबार अन्तरकृया, र्‍याली तथा सडक नाटक समेत प्रर्दशनी गरिएको थियो।

# सामाजिक सुरक्षा र सशक्तिकरणमा तीव्रता, पुनर्स्थापना र रोजगारीमा उल्लेखनीय प्रगति: मन्त्री थापा

**पोखरापत्र संवाददाता**
पोखरा, १० चैत



गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दुकुमार थापाले मन्त्रालयले महिला, बालबालिका तथा हिंसा पीडितहरूको संरक्षण, पुनर्स्थापना र सशक्तिकरणका क्षेत्रमा महत्वपूर्ण उपलब्धि हासिल गरेको बताएका छन्। गण्डकी प्रदेश सभाको नवौं अधिवेशनमा यसअघि मन्त्रालयसँग सम्बन्धित विषयमा उठेका प्रश्नहरुको जवाफल दिँदै उनले मंगलबार यस्तो बताएका हुन्।

मन्त्रालयले हिंसा प्रभावित महिला तथा बालबालिकाका लागि दीर्घकालीन पुनर्स्थापना केन्द्र सञ्चालनमा ल्याई हालसम्म ९४ जनालाई आश्रय प्रदान गरेको छ। तीमध्ये ४६ जनालाई पारिवारिक पुनर्मिलन गराइएको छ भने बाँकीले सुरक्षित आवाससहित मनोवैज्ञानिक सहयोग पाइरहेका छन्। साथै, बागलुङ, पर्वत, म्याग्दी, लमजुङ, गोरखा, स्याङ्जा, तनहुँ र नवलपुर जिल्लामा अल्पकालीन सेवा केन्द्र सञ्चालनमा रही तत्काल उद्धार र संरक्षण सेवा उपलब्ध गराइँदै आएको उनले जानकारी गराए। महिलाहरूलाई तुरुन्त सहायता उपलब्ध गराउन टोल-फ्री हेल्पलाइन र अपाङ्गता भएका व्यक्तिका लागि दुभाषेसहितको सहायता कक्ष सञ्चालनमा रहेको मन्त्री थापाले उल्लेख गरे। महिला उद्यमशीलता, नेतृत्व विकास, लोक सेवा तयारी तथा प्रविधि सहयोगमार्फत महिलाको क्षमता अभिवृद्धि गर्ने कार्यक्रमहरू समेत प्रभावकारी रूपमा कार्यान्वयन भइरहेका छन्।

कानुनी सहयोगका लागि जिल्ला सरकारी वकिल कार्यालय कास्कीमार्फत सेवा प्रवाह हुँदै आएको छ भने कास्की र पर्वतस्थित व्यवसायिक तथा सिप विकास तालिम केन्द्रहरूबाट विभिन्न सीपमूलक तालिम सञ्चालन भइरहेका छन्। इलेक्ट्रिकल, अटो मेकानिक, सिलाइकटाई, ब्युटिसियन, मोबाइल मर्मत लगायतका तालिमले सहभागीलाई स्वरोजगारी र रोजगारीमा जोड्न सहयोग पुगेको मन्त्री थापाको भनाइ छ। यसैबीच, गत भदौ २३-२४ मा भएको जेन्जी आन्दोलनका क्रममा भएको भौतिक क्षतिको मर्मत तथा पुनर्निर्माण कार्य जारी रहेको छ। उक्त घटनामा मन्त्रालय र मातहतका कार्यालयहरूमा गरी करिब ११ करोड ६५ लाख रुपैयाँ बराबरको क्षति भएको थियो। बीमा दाबी प्रक्रिया अगाडि बढाइएको र केही सामग्री लिलामी प्रक्रियामा रहेको उनले जनाए। कानुनी तथा नीतिगत सुधारअन्तर्गत दलित अधिकार, अपाङ्गता अधिकार तथा गुरुङ र मगर भाषालाई सरकारी कामकाजको भाषा बनाउने ऐन कार्यान्वयनका लागि नियमावली निर्माण प्रक्रिया अगाडि बढाइएको छ भने बालबालिका अधिकारसम्बन्धी नियमावली अन्तिम चरणमा पुगेको उनले बताए। गोरखाको छेपेटारमा निर्माण सम्पन्न ज्येष्ठ नागरिक आश्रम सञ्चालनको तयारीमा रहेको छ भने पोखरा-८ मा सरकारी कर्मचारीका शिशुहरूको दिवा हेरचाह केन्द्र सञ्चालनमा आइसकेको छ, जहाँ हाल १७ जना बालबालिकालाई सेवा दिइँदैछ।

शैक्षिक परामर्श तथा भाषा शिक्षण सेवा सञ्चालनका लागि ४८ संस्थालाई अनुमति प्रदान गरिएको छ भने अन्य संस्थाहरू प्रक्रिया मै छन्। यसबाट प्रदेश सरकारको राजस्वमा समेत योगदान पुग्ने अपेक्षा गरिएको मन्त्री थापाको भनाइ छ। सीप विकासतर्फ कास्की र पर्वतमा सयौं युवालाई तालिम प्रदान गरिएको छ। कास्कीमा २८७ र पर्वतमा २४० जनाले तालिम

बाँकी अन्तिम पृष्ठमा ▶▶

# कास्कीमा पनि राष्ट्रिय आर्थिक गणना हुँदै सही तथ्याङ्क दिन नागरिकलाई आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, १० चैत



कास्कीमा पनि "राष्ट्रिय आर्थिक गणना २०८२" सञ्चालन हुने भएको छ। राष्ट्रिय तथ्याङ्क कार्यालय तथ्याङ्क समन्वय कार्यालय कास्कीको आयोजनामा कास्कीमा पनि वैशाख २ गतेदेखि आर्थिक गणना हुने भएको मंगलबार पोखरामा आयोजित छफल कार्यक्रममा जानकारी गराइएको हो। नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय अन्तर्गत सञ्चालन हुने यो गणना आगामी वैशाख २ गतेदेखि असार ७ गतेसम्म देशभर सञ्चालन हुनेछ।

जिल्ला आर्थिक गणना अधिकारी नन्दलाल सापकोटा ले आर्थिक गतिविधिको यथार्थ चित्र प्रस्तुत गर्न यो गणना अत्यन्त महत्वपूर्ण रहेको बताउनुभयो। उहाँका अनुसार गणक तथा सुपरिवेक्षकहरू व्यवसाय स्थलमै पुगेर तथ्याङ्क सङ्कलन गर्नेछन्।

आर्थिक गणना भनेको देशभर सञ्चालनमा रहेका उत्पादन तथा सेवा प्रदान गर्ने सबै प्रकारका प्रतिष्ठान तथा व्यवसायको विवरण सङ्कलन, प्रशोधन र विश्लेषण गर्ने समग्र प्रक्रिया हो। यसबाट सरकारलाई नीति निर्माण, योजना तर्जुमा तथा कुल गार्हस्थ्य उत्पादन लगायतका सूचक अद्यावधिक गर्न मद्दत पुग्नेछ। यस गणनामा औपचारिक र अनौपचारिक दुवै प्रकारका व्यवसाय समेटिनेछन्। उद्योग, व्यापार, होटल, यातायात, बैंक तथा वित्तीय संस्था, शैक्षिक संस्था, स्वास्थ्य सेवा, कृषि फार्मदेखि सेवा क्षेत्रमा आबद्ध सबै प्रतिष्ठानको विवरण संकलन गरिनेछ। यसमा इ-सेन्सस ९स्वयं भर्ने प्रणाली० र कागजी फाराम दुवै प्रयोग गरिने जनाइएको छ।

२०७५ सालको तथ्याङ्क अनुसार कास्कीका पाँच पालिकामध्ये सबैभन्दा बढी व्यवसायिक प्रतिष्ठान पोखरा महानगरपालिका मा ९२८,२१५० र सबैभन्दा कम रुपा गाउँपालिका मा ९२९२० रहेका थिए। मादीमा ३६२, माछापुच्छ्रे ६२५ र अन्नपूर्णमा १,२५१ प्रतिष्ठान रहेका थिए। हाल कास्कीमा करिब १४ हजार ४ सय कम्पनी दर्ता भएको जानकारी दिइएको छ।

कार्यालयले सङ्कलित सबै विवरण तथ्याङ्क ऐन २०७९ अनुसार पूर्ण रूपमा गोप्य रहने स्पष्ट पारेको छ। यी तथ्याङ्क कुनै कर प्रयोजन वा अदालतमा प्रयोग नहुने र केवल सामूहिक विश्लेषणका लागि मात्र उपयोग गरिनेछ। एक सुपरिवेक्षक बराबर ८ जना गणक परिचालन गरिनेछ भने प्रत्येक प्रतिष्ठानमा १५ देखि ३० मिनेटसम्म समय लाग्ने प्रश्नावली तयार गरिएको सापकोटाले बताउनु भयो। अधिकारी सापकोटाले गणकहरू घर-घर तथा व्यवसाय स्थलमा पुग्दा सही र यथार्थ विवरण उपलब्ध गराएर सहयोग गर्न सबै नागरिक तथा व्यवसायीलाई आग्रह गर्नुभएको छ। "अर्थतन्त्र मापनका लागि आर्थिक गणना" भन्ने मूल सन्देशसहित सञ्चालन हुन लागेको यो राष्ट्रिय अभियानमा सबैको सक्रिय सहभागिता आवश्यक रहेको कार्यालयले जनाएको छ।

**स्वास्थ्य अमूल्य सम्पत्ति हो, यसको रक्षा गरौं।**

- सन्तुलित र पौष्टिक खाना सेवन गरौं,
- दैनिक शारीरिक व्यायाम गरौं,
- स्वच्छ पानी र सरसफाइमा विशेष ध्यान दिऔं,
- खोप तथा आवश्यक स्वास्थ्य सेवा समयमै लिऔं,
- नियमितरूपमा स्वास्थ्यसम्बन्धी परामर्श लिऔं,
- मानसिक स्वास्थ्यको ख्याल राखौं र तनाव व्यवस्थापन गरौं,
- सुर्ती, मदिरा र लागूऔषधबाट टाढा रहौं,
- नियमित स्वास्थ्य परीक्षण गराऔं,

स्वस्थ नागरिक, समुन्नत राष्ट्र।

नेपाल सरकार
विज्ञापन बोर्ड

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# नवलपरासी पूर्वमा गण्डकी प्रदेशकै सबैभन्दा बढी क्षयरोगी

**पोखरापत्र संवाददाता**
गण्डकी, १० चैत

गण्डकी प्रदेशका ११ जिल्लामध्ये नवलपरासी (बर्दघाट सुस्तापूर्व)मा सबैभन्दा बढी क्षयरोगी भेटिएका छन् । गत आव र चालु आवको तथ्याङ्कका आधारमा नवलपरासी(बर्दघाट सुस्तापूर्व)मा प्रदेशकै सबैभन्दा बढी क्षयरोगी भेटिएका हुन् ।

चालु आवको फागुन मसान्तसम्म जिल्लामा ३६२ जना नयाँ क्षयरोगी भेटिएका छन् । चालु आवको फागुन मसान्तसम्म जिल्लामा १६ जना क्षयरोगीको मृत्यु भएको प्रदेश जनस्वास्थ्य कार्यालय नवलपरासी(बर्दघाट सुस्तापूर्व)का क्षयरोग स्थानीय स्रोत व्यक्ति डिल्लीराम तिवारीले जानकारी दिनुभयो । उहाँका अनुसार नयाँमध्ये १४ वर्ष मुनिका दुई जना बालबालिका रहेका छन् । "जिल्लामा अहिले ३६२ जना क्षयरोगीले औषधि सेवन गरिरहनुभएको छ", उहाँले भन्नुभयो, "औषधि सेवन गरिरहेका क्षयरोगीमध्ये बहुऔषधि प्रतिरोध बिरामी(डिआर) भएका आठ जनाको मध्यविन्दु प्रादेशिक अस्पतालको क्षयरोग उपचार केन्द्रमा आवासीय रूपमा उपचार भइरहेको छ ।" चालु आवमा गण्डकी प्रदेशका अन्य जिल्लामध्ये कास्कीमा ३३१, तनहुँमा १८३, स्याङ्जामा १६०, गोरखामा १३४, बागलुङमा १३०, लमजुङ ६२, पर्वतमा ५२, म्याग्दीमा २९ र मुस्ताङमा १० जना क्षयरोगी भेटिएका छन् । गत आव २०८१/८२ मा नवलपरासी(बर्दघाट सुस्तापूर्व) मा ६७२ जना क्षयरोगी भेटिएका थिए । तीमध्ये १५ जनाको मृत्यु भएको क्षयरोग स्थानीय स्रोत व्यक्ति तिवारीले बताउनुभयो । "गत आवमा कास्कीमा ६५०, स्याङ्जामा ३४८, तनहुँमा ३१८, गोरखामा २७५, बागलुङमा २६२, लमजुङमा १०४, पर्वतमा ८४, म्याग्दीमा ५०, मुस्ताङमा १६ र मनाङमा चार जना क्षयरोगी भेटिएका थिए", उहाँले भन्नुभयो, "क्षयरोगी भेटिएको सङ्ख्याका आधारमा नवलपरासी (बर्दघाट सुस्तापूर्व) गण्डकी प्रदेशमै पहिलो जिल्ला हो ।" क्षयरोगको उपचार नवलपरासी( बर्दघाट का लागिसुस्तापूर्व)मा ७६ डट्स केन्द्र रहेको स्थानीय स्रोत व्यक्ति तिवारीले जानकारी दिनुभयो । मध्यविन्दु प्रादेशिक अस्पताल डण्डामा डिआर(ड्रक रेसिस्टेन्ट) होस्टेल रहेको छ । जहाँ अहिले आठ जना डिआर क्षयरोगीको आवासीय रूपमा उपचार भइरहेको छ । गण्डकी प्रदेशमा डिआर होस्टेल नवलपरासी(बर्दघाट सुस्तापूर्व) सँगै बागलुङ र कास्की जिल्लामा छ । "क्षयरोगको उपचारका लागि गण्डकी प्रदेशमा ६४५ डट्स केन्द्र रहेको छ", उहाँले भन्नुभयो, "गण्डकी प्रदेशको ६१ स्थानमा माइक्रोस्कोपी केन्द्र, १० स्थानमा 'जिनएक्सपट' केन्द्र, तीन स्थानमा 'एक्सपर्टएक्सडिआर' केन्द्र, १० स्थानमा डिआर सवसेन्टर, एक/एक स्थानमा होस्टेल र होमकेन्द्र रहेका छन् ।" नवलपरासी(बर्दघाट सुस्तापूर्व)मा क्षयरोग खोज पड्ताल कार्यक्रमअन्तर्गत आठवटै पालिकामा गरी चार हजार ७७९ जनाको छातीको एक्स-रे गरिएको थियो भने ३२४ जनाको खकार परीक्षण गरिएको थियो ।

क्षयरोग खोज पडताल शिविर वाट ९२ जना नयाँ क्षयरोगी भेटिएको प्रादेशिक जनस्वास्थ्य कार्यालय नवलपरासी(बर्दघाट सुस्तापूर्व)का प्रमुख केशव चापागाईंले बताउनुभयो । "जिल्लामा प्रत्येक वर्ष क्षयरोगीको सङ्ख्या बढ्दै गइरहेको छ", प्रमुख चापागाईंले भन्नुभयो, "समयमै उपचार गराएमा पूर्ण रूपमा रोग निको हुने विश्वास जनचेतनामार्फत जागृत गराउँदै रोगीको पहिचान कार्यलाई तीव्रता दिइएको छ ।" उहाँका अनुसार क्षयरोग एक सरुवा रोग हो । जुन माइकोव्याक्टेरियम ट्यूबरकुलोसिसले सूक्ष्म कीटाणुबाट लाग्दछ । यो रोग एक व्यक्तिबाट अर्को व्यक्तिमा श्वासप्रश्वासका माध्यमबाट सर्दछ । एक जना क्षयरोगीले वर्ष दिनमा १५ जनालाई सार्ने प्रमुख चापागाईंले बताउनुभयो । बहुऔषधि प्रतिरोध बिरामीको सङ्ख्या बढ्नु क्षयरोग न्यूनीकरणका लागि चुनौती थपिएको उहाँले बताउनुभयो ।

विश्वका आठ वटा देशमा मात्र क्षयरोगका दुई तिहाइ बिरामी रहेका छन् । सोमध्ये २८ प्रतिशत भारतमा, नौ दशमलव दुई प्रतिशत इन्डोनेसियामा, सात दशमलव चार प्रतिशत चीनमा र सात प्रतिशत फिलिपिन्समा रहेका छन् । विश्वस्वास्थ्य सङ्गठनले नेपाललाई क्षयरोग जोखिमको ३० देशभित्र राखेको छ । नेपाल सरकारले क्षयरोग निवारणका लागि आव २०७७/७८ मा २३८ प्रतिलाख जनसङ्ख्यामा नयाँ क्षयरोग हुने दर भएकामा आव २०८२/८३ सम्ममा १८१ प्रतिलाख जनसङ्ख्यामा झार्ने लक्ष्य लिएको छ । प्रत्येक वर्ष मार्च २४ तारिखका दिन मनाइने विश्व क्षयरोग दिवस नेपालमा पनि आज विभिन्न जनचेतनामूलक कार्यक्रम गरी मनाइँदै छन् । यस वर्षको क्षयरोग दिवसको नारा 'हो ! हामी क्षयरोग अन्त्य गर्छौं: राष्ट्रिय अभियान, हाम्रो योगदान' तय गरिएको छ ।

# पोखरामा 'अपरेसन ३६५': चार सय १४ मोटरसाइकल समातिए

**पोखरापत्र संवाददाता**
पोखरा, १० चैत

जिल्ला प्रहरी कार्यालय कास्कीले सञ्चालन गरेको 'अपरेसन ३६५' अन्तर्गत हालसम्म ४१४ मोटरसाइकल र ३६ जनालाई नियन्त्रमा लिएर कारबाही गरेको छ । मोटरसाइकलको स्वरूप परिवर्तन (मोडिफाई) गरी चर्को आवाज निकाल्ने, ध्वनी प्रदूषण फैलाउने तथा शान्ति सुव्यवस्थामा खलल पार्ने कार्य रोक्नका लागि प्रहरीले गत असोज २७ गतेदेखि 'अपरेसन ३६५' सञ्चालन गरेको हो । जिल्ला प्रहरी कार्यालय कास्कीका सूचना अधिकारी समेत रहनुभएका प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतले अभियानका क्रममा पछिल्लो पटक चैत ९ गतेदेखि खटिएको प्रहरी टोलीले पोखरा महानगरपालिकाका विभिन्न स्थानबाट थप १० वटा मोटरसाइकल नियन्त्रणमा लिएको छ । नियन्त्रणमा लिइएका सवारी साधनमाथि आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको बस्नेतले बताउनुभयो ।

उहाँका अनुसारस्वरूप परिवर्तन गरेका मोटरसाइकलबाट सहरमा आतङ्क सिर्जना भएको गुनासोपछि यो अभियान सञ्चालन गरेको हो । "देशको पर्यटकीय राजधानीसमेत रहेको पोखरामा मोडिफाइ गरिएका मोटरसाइकलबाट आतङ्क सिर्जना गर्ने कार्य भएपछि यो अभियान सुरु गरेका हौं । अहिले अभियानसँगै प्रहरीले सहर तथा ग्रामीण क्षेत्र दुबैमा यस्ता गतिविधि रोक्न विशेष निगरानी बढाउँदै लगेको छ ।

वैध रूपमा परिवर्तन गरिएका मोटरसाइकलको जानकारी नजिकैको प्रहरी कार्यालयमा जानकारी दिन नागरिकलाई अनुरोध समेत गरेका छौं," प्रहरी नायब उपरीक्षक बस्नेतले भन्नुभयो ।

सवारीसाधन धनीले आफ्नो साधन 'मोडिफाई' नगरी पूर्ववत् असली स्वरूपमा चलाउन र मोडिफाई गर्ने कार्यमा ग्यारेज, वर्कसप र रिकन्डिसन हाउस सञ्चालकले समेत उक्त कार्य नगर्न/नगराउन पनि प्रहरीले अनुरोध गरेको छ । सवारी मोडिफाई गरी चलाइएको पाइएमा सवारीसाधन धनी र उक्त कार्यमा संलग्न व्यक्तिलाई कानुनबमोजिम कारबाही हुने प्रनाउ बस्नेतले बताउनुभयो ।

# रात्रिकालीन दौडमा वडाध्यक्षहरूद्वारा सहयोग र समन्वयको प्रतिबद्धता

**पोखरापत्र संवाददाता**
पोखरा, १० चैत

नेपाली नयाँ वर्षको अवसरमा पोखरामा आयोजना हुने रात्रिकालीन दौड प्रतियोगितालाई सफल पार्न पोखराका वडाध्यक्षले आवश्यक सहयोग गर्ने बताएका छन् ।

मंगलबार पोखरा रंगशालामा आयोजित सरोकारवालाको छलफल कार्यक्रममा दौडको रुट पर्ने वडाध्यक्षहरूले प्रतियोगितालाई सफल पार्न उत्साहका साथ लाग्ने धारणा व्यक्त गरे । पोखरा महानगरपालिका वडा नम्बर ९ का वडाध्यक्ष दीपेन्द्र मर्सानीले पोखरामा केही व्यवसायी चौबिसै घण्टा व्यवसाय सञ्चालनको अवस्थामा रहेको सन्दर्भमा रात्रिकालीन दौडले व्यवसायीलाई प्रवर्द्धन गर्ने बताए । उनले प्रतियोगिता सफल पार्न आफ्नो वडाले विशेष भूमिका निर्वाह गर्ने बताउँदै पोखराको नयाँ ब्राण्ड बन्न सक्ने उदाहरणीय प्रतियोगितालाई सबैले अपनत्वसहितको दायित्वबोध गर्नसमेत सुझाए । पोखरा वडा नम्बर ६ का वडाध्यक्ष विष्णुबहादुर भट्टराईले प्रतियोगिता सफल पार्न आवश्यक सहयोगसहित वडाका टोल विकास संस्था, आमा समूह, क्लब र विभिन्न संघसंस्थासँग समन्वय गर्ने प्रतिबद्धता व्यक्त गरे । पोखरा वडा नम्बर ७ का वडाध्यक्ष राममोहन आचार्यले प्रतियोगिताको आयोजक पोखरा क्लिक र पोखरा प्रवर्धन केन्द्र भएपनि यो समग्र पोखरेलीको इभेन्टको रूपमा लिएर रात्रिदौड भएकाले लाइट नपुगेका ठाउँमा आवश्यक लाइटको व्यवस्था गर्ने बताए । पोखरा वडा नम्बर ८ का वडाध्यक्ष रुद्र बरालले नयाँ सोचले आएको नयाँ इभेन्टका सहभागी धावकहरूलाई उत्साहित बनाउन वडाबाट पूर्ण सहयोग हुने धारणा राखे । जिल्ला खेलकुद विकास समिति कास्कीका अध्यक्ष मिलन गुरुङले प्रतियोगिता सफल पार्न समितिका तर्फबाट पूर्ण साथ र सहयोग रहने प्रतिबद्धता जाहेर गरे । प्रतियोगिताका प्राविधिक प्रमुख ओम गुरुङले रात्रिकालीन दौडको रोडमा लाइट आवश्यक भएको ठाउँमा व्यवस्थापनका लागि वडालाई जानकारी गराउने बताए । सरोकारवालाको छलफलमा ५ का वडा अध्यक्ष विष्णुप्रसाद बरालले कार्यव्यस्तताले भौतिकरूपमा सहभागी हुन नसके पनि प्रतियोगितामा आवश्यक सहयोग रहने टेलिफोन जानकारी गराए । प्रतियोगिताका संयोजक दीननाथ बरालले खेलकुदका माध्यमबाट पर्यटन प्रवर्द्धन गर्न रात्रिदौड आयोजना गरिएको बताए । उनले पोखराको बाराहीघाटबाट सुरु हुने पाँच किलोमिटरको दौड सेन्टरप्वाइन्ट, हल्लनचोक, जिरो किलोमिटर, सिर्जनाचोक सभागृहचोक, न्यूरोड, चिप्लेढुंगा महेन्द्रपुल हुँदै झण्डा पार्क फल्चामा समापन हुने जानकारी दिए । पोखरा पर्वद्धन केन्द्रका उपाध्यक्ष असफल गौतमले राति आयोजना हुने दौडले शहरी गतिशीलता, शान्ति-सुरक्षा, व्यावसायिक प्रवर्द्धन र स्वस्थ जीवनशैलीप्रतिको जागरूकता जस्ता शक्तिशाली सन्देश बोक्ने मात्र नभएर पर्यटकीय राजधानी पोखरामा नेपाली नयाँ वर्षमा प्रर्वद्धनात्मक कार्यक्रम कम भएकाले "जाग्छ पोखरा, दौडाउँछ पोखरा" अवधारणामा रात्रिदौड आयोजना गर्न लागिएको बताए । प्रदेश खेलकुद परिषद् गण्डकीको सहकार्यमा यही चैत्र २८ गते हुने प्रतियोगिताका लागि पोखरा वडा नं. ९ ले समन्वय गरेको सो अवसरमा जानकारी गराइयो । मेडिप्लस हस्पिटल एण्ड ट्रमा सेन्टरले हस्पिटल पार्टनरकारूपमा सहयोग गर्ने प्रतियोगिताका लागि केही दिनमै अनलाइन फर्म खुला हुने केन्द्रका सचिव सागर सुनारले जानकारी दिए ।

उक्त प्रतियोगिताको लागि अटोवेज प्रा.लि. सिटिजन फर्निचर, परिचय एड्भटाइजिङ लगायतका संघ संस्थाको सहयोग रहेको छ ।

# पोखरा-सिमरा हवाई सेवा सुचारु गर्न जोड

**पोखरापत्र संवाददाता**
पोखरा, १० चैत

नेपालको आर्थिक नगरी वीरगंजबाट यसबर्षको जाउँ है पोखरा अभियान सुरु भएको छ ।

होटल संघ पोखरा नेपालको अयोाजना तथा नेपाल पर्यटन बोर्ड, गण्डकी प्रदेश कार्यालय, पोखराको समन्वय तथा सहकार्यमा यो कार्यक्रम सुरु भएको हो । आन्तरिक पर्यटन प्रबर्द्धनको मुख्य उद्धेश्य बोकेर सुरु भएको अभियान चैत १३ गतेसम्म संचालन हुने छ । आन्तरिक पर्यटन प्रबर्द्धन नै दिगो पर्यटनको मूल आधार हो भन्ने मान्यता अनुरुप २५ बर्षअघि यो अभियान सुरु गरिएको थियो । अभियान अन्तर्गत विराटनगर, इलाम र हेटौंडालाई पनि छनोट गरिएको छ । वीरगंज उद्धोग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद गौतमले अभियानको उद्धाटन गरेका थिए । सो अवसरमा बोल्दै उनले नयाँ बन्ने सरकारले पर्यटन नीति सुधार गरे देशले आर्थिक फड्को मार्न सक्ने बताए । सिमा नाकामा भारतीय पर्यटकलाई तीन किलोमिटर दुरीमा सात ठाउँमा चेकिङ गर्ने गरिएको भन्दै उनले असन्तुष्टी जाहेर गरे । पुलिसले पैसा खान यस्तो गरेको हो- उनले दाबी गरे । भारतीय पर्यटक नेपाली पर्यटनको आधार बन्न सक्ने बताउँदै उनले नेपालले पूर्वाधार विकासमा ध्यान दिनु पर्ने सुझाव राखे । आयोजक संघका अध्यक्ष लक्ष्मण सुवेदीले माओवादी द्वन्द्व, भुकम्प, नाकाबन्दी, कोभिड र बैंकको चर्को ब्याजदेखि मध्यपूर्व तनावसम्म आइपुग्दा नेपाली पर्यटनले धेरै मार खेप्नु परेको बताए । सो अवसरमा उनले विगतमा संचालन भएर विचमा रोकिन पुगेको पोखरा-सिमरा हवाई उडान सेवा पुनः संचालन गर्नुपर्ने आबश्यकता औंल्याए ।

मधेश प्रदेशका पूर्ब मन्त्री ओमप्रकाश शर्माले पोखरा-सिमरा उडान रोकिनु दुःखद विषय भएको बताउँदै उडान सुरु गर्ने कार्यमा आफ्नो पनि भूमिका रहेको स्मरण गराए । यात्रु अभाव हुँदा जहाज कम्पनीलाई हुने घाटा ब्यहोरेर भए पनि सरकार र नीजी क्षेत्र मिलेर उक्त रुटमा उडान सुचारु गरिनुपर्ने सुझाव उनले राखे । संघका अध्यक्ष सुबेदीले पोखराको होटल क्षेत्रमा मात्र ६ खर्ब रुपैयाँ हाराहारी लगानी रहेको जानकारी दिंदै पोखरा पुग्ने पर्यटक मध्ये ४० प्रतिशत हिस्सा आन्तरिक पर्यटकको रहने गरेको जानकारी दिए । कार्यक्रममा उनले यही चैत २९ देखि बैशाख १ गतेसम्म फेवातालको किनार लेकसाइडमा आयोजना हुने नयाँबर्ष महोत्सवमा सहभागिताका लागि पुर्वका बासिन्दालाई निम्ता प्रदान गरे । महोत्सवका सहभागी पाहुनालाई होटलको प्रकाशित दररेटमा २५ प्रतिशतसम्म छुट प्रदान गरिने घोषणा पनि उनले गरे । सो अवसरमा बोल्दै नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश पोखराका प्रमुख मणिराज लामिछानेले पोखरालाई उत्कृष्ट र पहिलो रोजाइको पर्यटकीय गन्तव्य बनाउन बोर्डले ब्यबसायीसँग सहकार्य गरेर अगाडि बढीरहेको बताए ।

कार्यक्रममा ब्यबसायीले भारतीय र तराई मूलका पर्यटकलाई पोखरामा भेदभाव गर्ने गारिएको, सिमा नाकामा भारतीय पर्यटकले हैरानी खेप्नु परेको, पोखराका ट्यक्सीले मनलाग्दी भाडा असुल्ने गरेको र पोखरामा भारतीय पर्यटकका सवारीलाई निर्वाध संचालनमा अबरोध सिर्जना गर्ने गरिएको गुनासो सुनाए । भारतीय सवारीलाई सिमानाकामा दिइने प्रज्ञापनपत्र अनलाइनमार्फत् दिन पनि ब्यबसायीले माग गरे । २५ हजार भारु भन्दा बढी रकम बोकी नेपाल आउने भारतीयलाई सिमानामा अझै पनि दुःख दिने गरिएको विषय पनि सो अवसरमा चर्चा गरियो । पोखरामा फोहोर बढेको, कंकृटका घर बढ्दै गएको र फेवाको उचित संरक्षण नभएको भन्दै उनीहरुले चिन्ता ब्यक्त गरे । कार्यक्रममा टान गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले पोखरा र वरपरका उत्कृष्ट पदयात्रा गन्तव्यका बारेमा चर्चा गरेका थिए । पूर्व र पोखराले एक अर्काको हितको लागि पर्यटक र व्यापार आदानप्रदान गर्न सक्ने पनि उनले चर्चा गरे ।

सो अवसरमा वीरगंज उद्धोग वाणिज्य संघका निवर्तमान अध्यक्ष अनिलकुमार अग्रवाल, संघका बरिष्ठ उपाध्यक्ष माधव राजपाल, समाजसेवी एबं उद्धोगपती अशोककुमार बैद्य, पत्रकार महासंघका केन्द्रिय सचिव अशोक तिवारी, महासंघका मधेश प्रदेश अध्यक्ष श्याम बन्जरा र आयोजक संघका प्रथम उपाध्यक्ष दीपक श्रेस्ठले भनाई राखेका थिए ।


# Career Opportunity

Pragati Secondary School, Pokhara-16, Batulechour, a school run with a vision to impart holistic education through 21st-century pedagogical approaches, invites interested and eligible candidates for the following posts.

| S.No | Subject | Level | Minimum Qualification | Req. No. |
|---|---|---|---|---|
| 1. | Nepali | Secondary | Masters | 1 |
| 2 | English | Basic Level (6-8) | Bachelor's or above | 1 |
| 3 | English | Basic Level (1-5) | +2 or above | 2 |
| 4 | Computer | Basic Level (6-8) | Bachelor's or above | 1 |
| 5 | Mathematics | Basic Level (6-8) | Bachelor's or above | 1 |
| 6 | All | Pre -Primary | +2 or above | 2 |

**Procedure:** Written test, Class Observation, Interview

- Salary & benefits: Attractive + Social Security Fund
- Desired personality traits: Learning attitude, Respect for the profession, Team ethics, Love for children
- Only short-listed candidates will be called for further processing.

Candidates are required to contact the front desk with supporting documents (CV, hand-written application, photocopies of citizenship card, academic certificates, work experience letter) or send via personal email to pragatischool.pokhara@gmail.com by **15th of Chaitra 2082.**

Principal
**Pragati Secondary School**
Batulechour-Pokhara, 16, Contact: 443204, 443338,9846027931
pragatischool.pokhara@gmail.com


# सामाजिक सुरक्षा...

सम्पन्न गरिसकेका छन् भने थप सयौं प्रशिक्षार्थी तालिममा संलग्न छन् ।

दक्ष जनशक्ति उत्पादनका लागि स्याङ्जाको फेदिखोलामा दक्षिण कोरियाको सहयोगमा प्राविधिक शिक्षालय निर्माण कार्य अघि बढिरहेको छ। त्यस्तै, प्रदेश संग्रहालय पोखरामा कोसेलीघर निर्माण कार्य जारी रहेको छ। वैदेशिक रोजगारीलाई सुरक्षित र व्यवस्थित बनाउन १३ आप्रवासी स्रोत केन्द्रमार्फत वित्तीय साक्षरता कार्यक्रम सञ्चालन भइरहेको छ भने २८ स्थानीय तहसँग सहकार्यमा योग तथा ध्यान कार्यक्रम पनि सञ्चालन भइरहेका छन् । मन्त्रालयले शिक्षा, स्वास्थ्य, महिला, बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता, भाषा, संस्कृति, श्रम तथा रोजगार लगायतका क्षेत्रमा समग्र सामाजिक विकासका कार्यक्रमहरू निरन्तर सञ्चालन गरिरहेको जनाएको छ ।






फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादक: रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादक: नारायण भण्डारी
कार्यालय: नयाँबजार, पोखरा, फोन: ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रण: हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।

– एल्फेड डे

## सम्पादकीय

# संसद भवन निर्माणमा अर्जुन दृष्टि लगाऊ

संघीय संसद को बैठक बस्दै आएको अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र जेनजी आन्दोलनमा जलेर ध्वस्त भएको छ। संसद भवनको रुपमा प्रयोग भएको बीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र संसद बैठक बस्न सक्ने अवस्थामा छैन । संसद भवनमा आगजनी गर्नेहरुले बल्ल संसद भवनको महत्त्व बुझ्न थालेका छन । फागुन २१ गते भएको प्रतिनिधिसभा सदस्यको निर्वाचनबाट नयाँ सदस्य निर्वाचित भएर आएका छन्। प्रतिनिसभा सदस्यको सपथग्रहणदेखि संसद बैठक बस्न संसद भवनको खाँचो बढेको छ। संविधानसभा बैठक देखि अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा बस्दै आएको प्रतिनिधिसभा र राष्ट्रिय सभाको बैठक अब आफ्नै भवनमा बस्न केही दिन कुर्नुपर्ने अवस्था आएको छ।

प्रतिनिधिसभा सिंहदरबारस्थित पुतली बगैंचामा निर्माणाधीन संघीय संसद् भवनको छैटौंपटक थपिएको छ। पाँचौंपटक थपिएको म्याद १६ पुसमा सकिएकोमा सहरी विकास तथा भवन निर्माण विभागले फागुनदेखि लागू हुने गरी ९० दिन समय थपेको छ। विभागका प्रवक्ता रोशन श्रेष्ठका अनुसार भवनको भौतिक प्रगति विवरण ९५ प्रतिशत रहेको र ९० दिन समय थपिएको छ। विभागका प्रवक्ताका अनुसार वित्तीय प्रगति ९० प्रतिशत छ। १ असोज ०७६ मा तत्कालीन प्रधानमन्त्री केपी ओलीले तीन वर्षभित्र निर्माण सम्पन्न गर्ने गरी शिलान्यास गरेको संसद् भवन सात वर्ष बितिसक्दा पनि पूरा हुन नसक्नु राम्रो होइन ।

'प्रतिनिधिसभाको हल तयारी हुँदै छ। भौतिक प्रगति ९५ प्रतिशत छ। ९० दिन थप्न प्रक्रिया अगाडि बढाएका ठाउँमा बहुउद्देश्यीय हललाई तत्काललाई शपथग्रहणका लागि तयारी गरिएको छ। 'आवश्यकताअनुसार केही बैठकसमेत सञ्चालन गर्न सक्ने गरी प्रतिनिधिसभामा रहने करिब–करिब सबै सुविधा राख्ने गरी भिडियो कन्फ्रेन्सिङ, अडियो सिस्टम राखेर हल अहिले तत्काललाई तयार गरेका छन। प्रवक्ता श्रेष्ठका अनुसार भवन निर्माणको काम तीन सिफ्टमा भइरहेको र औसत चार सय श्रमिकले काम गरिरहेका छन्। 'सिभिलको काम करिब सकिएको छ। भित्रको अलि फिनिसिङको काम बाँकी छ। हलको काम पनि अन्तिम चरणमा छ। ८–९ जेठतिर सकिन्छ। सकिएन भने जरिवाना गर्ने सरकारी योजना छ।

संचार माध्यम ठेकेदार कम्पनी टुदी सेप जेभीले पाँच अर्ब ३९ करोड लागतमा भवन बनाउँदै छ। सिंहदरबारस्थित पुतली बगैंचाको १५१ रोपनी क्षेत्रफलमा निर्माणाधीन भवनमा आठवटा ब्लक छन् भने १२ वटा छुट्टाछुट्टै भवन छन्। जसमा चार सय सिट क्षमताको प्रतिनिधिसभा र एक सय सिट क्षमताको राष्ट्रिय सभा छ। यी दुवैका बिचमा मुख्य प्रवेशद्वार छ, जसको दाहिनेतिर राष्ट्रिय सभा र देब्रेतर्फ प्रतिनिधिसभा छ। मुख्य भवनसँगै सहायक भवन छन्। जहाँ संसदीय दलका कार्यालय, समितिको हल, दुइटा संसद् सचिवालय भवन, पुस्तकालय, संग्रहालय र चमेना–गृहलगायत छन्। भिभिआइपीका लागि छुट्टै भवन, विशाञल पार्किङ र सुरक्षाकर्मी बस्ने ठाउँसहित आवश्यक सबै सेवा समेटिने संरचना तयार हुँदै छ।

राष्ट्रिय महत्व बोकेको भवनको डिजाइन स्टकचरल, आर्किटेक्चर, इलेक्ट्रिकल र स्यानिटरी पक्ष समायोजन गरेर भूकम्पीय हिसाबले सुरक्षित बनाईदै छ। राष्ट्रिय भवन संहिताअनुसार निर्माणाधीन भवनमा नेपाली मौलिकता झल्काउने शैली पनि देख्न पाइनेछ। मल्लकालीन वास्तुकलाको प्रतिनिधित्व गर्ने हिसाबले भवन बनिरहेको विशेष भवन निर्माण आयोजना समन्वय कार्यालयले जनाएको छ। अब पनि आलटाल गर्ने जनप्रतिनिधि हुन सक्दैन ।सरकारलाई खबरदारी गर्नेको पनि तस्बिर खिचेर देशभक्ति पुर्ण अभियानलाई साथ दिने पनि छन भन्ने सन्देश दिन आवश्यक छ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शुभ यात्रा | तुला | : सत्कार मिल्नेछ |
| वृष | : स्वास्थ्यमा सुधार | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : आर्थिक समस्या | धनु | : शारीरिक झमेला |
| कर्कट | : शत्रुको भय | मकर | : मानसिक तनाब |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : कार्यमा सफलता | मीन | : झमेला बढ्ने |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।

# काठमाडौंलगायत देशका विभिन्न जिल्लामा वर्षा

रासस
काठमाडौं, १० चैत

पश्चिमी वायुका साथै स्थानीय वायुको आंशिक प्रभावका कारण मंगलबार काठमाडौंलगायत केही जिल्लामा वर्षा भएको छ।

काठमाडौंमा पछिल्लो एक घण्टामै एक दशमलव दुई मिलिमिटर वर्षा भएको छ भने अन्य केही जिल्लामा पनि हल्का वर्षा भइरहेको छ। जल तथा मौसम विज्ञान विभागका अनुसार केही जिल्लामा असिनापानी, हिमपात र हुरीबतासमेत आएको छ।

विभिन्न जिल्लाको वर्षामापन केन्द्रबाट प्राप्त विवरणअनुसार पछिल्लो एक घण्टामा सबैभन्दा बढी झापामा नौ दशमलव चार मिलिमिटर वर्षा भएको छ। यस्तै, ताप्लेजुङ, भोजपुर, नुवाकोट, लमजुङ, गोरखा, कास्की र कालीकोटमा हल्का वर्षा भइरहेको छ। पछिल्लो तीन घण्टामा तनहुँमा २४ दशमलव छ र झापामा १२ दशमलव दुई मिलिमिटर वर्षा भएको छ। मौसम विज्ञान विभागका सूचना अधिकारी दिनकर कायस्थका अनुसार कोशी प्रदेशलगायत देशको पहाडी र हिमाली भू–भागमा साधारणतया बादल लागेको छ भने बाँकी भू–भागमा आंशिक बादल लागेको छ। कोशी, बागमती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेशको एक–दुई स्थानमा मेघगर्जन/चट्याङसहित हल्का वर्षा/हिमपात भइरहेको विभागले आज साँझ ६:०० बजे जारी गरेको बुलेटिनमा उल्लेख छ।

विभागका अनुसार बुधबार कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशको पहाडी र हिमाली भू–भागमा साधारणतया बादल लाग्ने तथा बाँकी पहाडी र हिमाली भू–भागमा आंशिक बादल लाग्ने छ। यस्तै, तराई भू–भागमा मौसम मुख्यतया सफा रहने छ। कोशी र गण्डकी प्रदेशका पहाडी र हिमाली भू–भागका थोरै स्थानहरू तथा बाँकी प्रदेशको पहाडी र हिमाली भागका एकदुई स्थानमा मेघगर्जन/चट्याङसहित हल्का वर्षा/हिमपातको सम्भावना रहेको जनाइएको छ।

# कांग्रेस केन्द्रीय कार्यसमितिको बैठकमा विभिन्न ११ प्रस्तावमाथि छलफल

रासस
काठमाडौं, १० चैत

नेपाली कांग्रेसको केन्द्रीय कार्यसमितिको बैठक आजदेखि सुरु भएको छ। पार्टी केन्द्रीय कार्यालय बिपी स्मृति भवन ललितपुरमा सुरु भएको बैठकमा विभिन्न ११ प्रस्तावमाथि छलफल जारी रहेको छ।

कांग्रेस सभापति गगनकुमार थापाको सभापतित्वमा सुरु भएको बैठकमा महामन्त्री प्रदीप पौडेलले ११ प्रस्ताव प्रस्तुत गर्नुभएको थियो । बैठकमा समसामयिक, सुशासन स्थापना, संविधान संशोधन अध्ययन तथा सुझावका लागि विज्ञसहितको समिति गठन, पार्टीको १५ औं महाधिवेशनको कार्यतालिका, केन्द्रीय निर्वाचन समिति गठनको बारेमा छलफल भएको छ।यस्तै, प्रतिनिधिसभा सदस्यहरूलाई अभिमुखीकरण, क्रियाशील सदस्यता वितरण र अद्यावधिक विशेष अभियान, प्रदेश सरकार र स्थानीय सरकारको समीक्षा, समन्वय र थप प्रभावकारिता, भ्रातृ सङ्घ, शुभेच्छुक संस्था र जनसम्पर्क समिति सम्बन्धमा, केन्द्रीय लेखा समिति गठन र विविध विषयमा छलफल भएको कांग्रेस केन्द्रीय कार्यालयका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले जानकारी दिनुभयो।

आजको बैठकमा केन्द्रीय सदस्यहरू डा गोपाल दहित, तारामान गुरुङ, मैकुलाल वाल्मिकी, अजयबाबु शिवाकोटी, भरतकुमार शाह, सुधीर शिवाकोटी, शम्भुलाल श्रेष्ठ, नरेन्द्रकुमार केरुङ, रेशमबहादुर वानियाँ, जीतनारायण श्रेष्ठ, रमेश धमला, दीपनकुमार श्रेष्ठ, वसन्त भट्टराई, जनकराज गिरी, शम्भुबहादुर बुढाथोकी, तीर्थजङ्ग शाही, टेकराज पौडेलले धारणा राख्नुभयो। यसैगरी, केशवराज शर्मा आचार्य, रामबहादुर कार्की, नारायणप्रसाद भट्टराई, शिवबहादुर सुनार, सूर्यबहादुर विक, दिनेश सुनार, छन्दबहादुर पहराई, जगदीशचन्द्र उपाध्याय, रामपल्टन साह, मधेस प्रदेशका सभापति कृष्णप्रसाद यादव, बागमती प्रदेशका सभापति इन्द्रबहादुर बानियाँले आ–आफ्नो धारणा राख्नुभएको थियो। बैठकमा धारणा राख्ने क्रम जारी रहेकाले केन्द्रीय कार्यसमितिको अर्को बैठक भोलि बिहान ११:०० बजे पार्टी केन्द्रीय कार्यालयमा पुनः बस्ने कावा मुख्यसचिव दुलालले बताउनुभयो।

# गण्डकीमाथि बागमती प्रदेशको शानदार जित

रासस
काठमाडौं, १० चैत

प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिताअन्तर्गत मंगलबार भएको खेलमा बागमती प्रदेशले गण्डकी प्रदेशलाई १७० रनको फराकिलो अन्तरले पराजित गरेको छ।

मूलपानीस्थित तल्लो क्रिकेट मैदानमा भएको खेलमा बागमतीले निर्धारित ५० ओभरमा ८ विकेट गुमाएर २९४ रनको विशाल योगफल बनाएको थियो । २९५ रनको लक्ष्य पछ्याएको गण्डकी प्रदेशको सुरुआत कमजोर रह्यो।

गण्डकी ३१.५ ओभरमा मात्र १२४ रनमा अलआउट भयो । उसका लागि अर्जुन कुमालले सर्वाधिक ७४ रन बनाए पनि अन्य ब्याट्सम्यानले उल्लेखनीय साथ दिन सकेनन्। बलिङतर्फ बागमतीका रिजन ढकालले ३ विकेट लिए। त्यस्तै सन्दीप लामिछाने र इशान पाण्डेले समान २–२ विकेट लिँदा दयानन्द मण्डल र सुवास खत्रीले समान १–१ विकेट लिए।

त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको बागमतीको लागि इशान पाण्डे उत्कृष्ट प्रदर्शन गर्दै ६१ बलमा सर्वाधिक ७१ रन जोडे। त्यस्तै अशुतोष घिरैयाले ५९ रनको योगदान दिए। शुभ कंसाकारले ४४ रन बनाए। कप्तान सन्दीप लामिछाने २६ रनमा अविजित रहे।



बागलुङ कालिकामा लामबद्ध दर्शनार्थी : बागलुङ कालिका मन्दिरमा मङ्गलबार पूजाअर्चना गर्न लामबद्ध दर्शनार्थी । बिहीबार बिहानैदेखि मन्दिरमा दर्शनार्थी घुइँचो लाग्नेको छ। यहाँ आजदेखि चैत्राष्टमी मेला सुरु भएको छ। तस्बिरः डम्मर बुढामगर/रासस तस्वीर : रासस

# वन डढेलो र सुक्खापन रोकथामका लागि वनमा पोखरी

पोखरापत्र संवाददाता
म्याग्दी, १० चैत

वन डढेलो नियन्त्रण, सुक्खापन रोकथाम, मानव र वन्यजन्तुबीचको द्वन्द्व न्यूनीकरणका म्याग्दीका सामुदायिक वनमा पोखरी निर्माण थालिएको छ।

यहाँस्थित डिभिजन वन कार्यालयको सहयोगमा सामुदायिक वन उपभोक्ता समूहद्वारा यस वर्ष छ वटा पोखरी निर्माण गर्न थालिएको हो । पानी र आहाराका लागि मानवबस्तीमा आउने वन्यजन्तुलाई वनमै रोक्न, पोखरीमा पानी भरेर चिस्यान कायम राख्न र डढेलो निभाउनका लागि आवश्यकपर्ने पानी सङ्कलन गर्न पोखरी बनाउन लागिएको डिभिजन वन कार्यालयका प्रमुख वसन्त केशव अधिकारीले जानकारी दिनुभयो। "पानी र आहाराको खोजीमा वन्यजन्तु मानव बस्तीमा नआउन् भनेर जङ्गलमा पोखरी बनाउने कार्यक्रम सुरु गरेका थियौं। उक्त कार्यक्रम प्रभावकारी बनेपछि पछिल्लो चार वर्षयता निरन्तरता दिएका छौं", उहाँले भन्नुभयो, "वनमा पानी र आहारा भएपछि वन्यजन्तु मानव बस्तीमा नआउने र द्वन्द्व व्यवस्थापनमा सहयोग पुगेको छ।" पोखरीमा पानी सङ्कलन हुँदा जमिनमा रिचार्ज हुने र डढेलो लागेको अवस्थामा निभाउन आवश्यकपर्ने पानी व्यवस्थापन गर्न सजिलो हुने गरेको डिभिजनल वन अधिकृत अधिकारीले बताउनुभयो।



बेनी नगरपालिका–५ को चिप्लरी सिमपाखो, मङ्गला गाउँपालिका–१ कुहुँको पाल्पेपानी, धवलागिरि गाउँपालिका–३ मुनाको दहपातल, रघुगङ्गा गाउँपालिका–६ को ठाडाखानी, मालिका गाउँपालिका–६ को सानो धैरेनी उपल्लोतला र अन्नपूर्ण गाउँपालिका–७ को घराम्दी सामुदायिक वन पोखरी बनाउन छनोट भएका छन्।

करिब ६१ दशमलव ७५ वर्गमिटर क्षेत्रफलमा निर्माण भएका पोखरीमा ६१ हजार लिटर पानी सङ्कलन गर्न सकिनेछ। प्रतिपोखरी निर्माणका लागि कार्यालयले समूहलाई रु एक लाख अनुदान सहयोग गरेको छ। यसअघि आव २०७८/७९ मा १०, २०७९/८० मा छ, २०८०/८१ मा १० र २०८१/८२ मा पाँच गरी ३१ वटा पोखरी निर्माण भइसकेका छन्। जिल्लामा पछिल्लो समय रतुवा, मृग, बाँदर, चितुवालगायत वन्यजन्तु नजिकको मानवबस्तीमा आएर क्षति पुऱ्याउन थालेका छन् । यसरी बस्तीमा पस्ने वन्यजन्तुले मानिस र घरपालुवा जनावरलाई आक्रमण गर्दछन्।

# लामिछानेको रिट 'हेर्दाहेर्दै' मा बिहीबार सुनवाइ हुने

रासस
काठमाडौं, १० चैत

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेविरुद्धको सङ्गठित अपराध र सम्पत्ति शुद्धीकरण कसुर संशोधनविरुद्धको रिट निवेदनमा बिहीबार सुनुवाइ हुने भएको छ।

सर्वोच्च अदालतमा आज सुनुवाइ नसकिएपछि हेर्दाहेर्दैमा बिहीबारका लागि सुनुवाइ हुने भएको अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाले जानकारी दिनुभयो।

न्यायाधीशद्वय विनोद शर्मा र अब्दुल अजीज मुसलमानको संयुक्त इजलासमा मङ्गलबारदेखि सुनुवाइ सुरू भए पनि हेर्दाहेर्दैमा आजका लागि राखिएको थियो। न्यायाधीशद्वय सारङ्गा सुवेदी र सुनिलकुमार पोखरेलको संयुक्त इजलासले यही चैत ५ गते लामिछानेविरुद्ध सम्पत्ति शुद्धीकरण र सङ्गठित अपराध मुद्दा फिर्ता लिने महान्यायाधिवक्ताको संशोधित निर्णय पेस गर्न आदेश गरेको थियो। यसअघि, सर्वोच्च अदालतका न्यायाधीशद्वय सपना प्रधान मल्ल र श्रीकान्त पौडेलको संयुक्त इजलासले उक्त निवेदनलाई नियमित सुनुवाइ गर्न यही चैत १ गतेका लागि पेस गर्न आदेश दिएको थियो।

महान्यायाधिवक्ता सविता भण्डारी बरालले लामिछानेविरुद्ध अघिल्लो सरकारको पालामा लगाइएका सम्पत्ति शुद्धीकरण र सङ्गठित अपराधका मुद्दा फिर्ता गर्ने निर्णय गर्नुभएको थियो । उक्त निर्णयविरुद्ध युवराज पौडेल, वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी र अधिवक्ता आभास रेग्मीले सर्वोच्च अदालतमा छुट्टाछुट्टै रिट निवेदन दायर गर्नुभएको थियो।

**बिमालेख हरायो**

यहि मिति २०८२/१०/२५ गते पोखराबाट बेनी जाने क्रममा साबिक रिलायन्स लाइफ इन्स्योरेन्समा रहेको र हाल सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स कं.को निम्न लिखित विवरणको बिमालेख हराएकोले हुँदा फेला पार्नुहुने महानुभावले सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु।

बिमित नाम: एरिका जुग्जाली
प्रस्तावक : सपना जुग्जाली मगर
बिमालेख नं. ४०६००००००४२३
सम्पर्क नं.
९८०५२४७८७८, ०६१-५५३६५२

## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २५ गैरीपोखरी लटेगौंडा लाम्पाटा बाटो निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको नाम : गैरीपोखरी लटेगौंडा लाम्पाटा बाटो निर्माण
उपभोक्ता समितिको नाम : गैरीपोखरी लटेगौंडा लाम्पाटा बाटो निर्माण उपभोक्ता समिति, पोखरा–२५, कास्की
जम्मा सदस्य संख्या : ७
महिला सदस्य संख्या : ३
योजना सम्झौता मिति : २०८२/०९/०८
योजना सुरु मिति : २०८२/०९/१०
योजना सम्पन्न हुने मिति : २०८२/११/३०
महानगरपालिकाबाट : रु. ५,००,०००/-
उपभोक्ताबाट : रु. ५५,७५१/८४
योजनाको कुल लागत : रु. ५,५५,७५१/८४

**बल बहादुर कुँवर**
**अध्यक्ष**
**गैरी पोखरी लटेगौंडा लाम्पाटा बाटो निर्माण उपभोक्ता समिति**
**पोखरा–२५, कास्की**

# मुस्ताङमा पर्यटन पूर्वाधारसम्बन्धी २७ आयोजना कार्यान्वयनमा

**पोखरापत्र संवाददाता**
मुस्ताङ, १० चैत

मुस्ताङका पाँच पालिकामा चालु आव २०८२/८३ का लागि धार्मिक तथा पर्यटन पूर्वाधार निर्माण तथा स्तरोन्नतिसम्बन्धी २७ वटा आयोजना कार्यान्वयनमा ल्याइएको छ।

गण्डकी प्रदेश सरकारअन्तर्गत एकीकृत सेवा कार्यालयले मुस्ताङका धार्मिक तथा पर्यटकीयस्थलको पर्यटनसम्बन्धी पूर्वाधार निर्माण तथा स्तरोन्नतिका लागि चालु आवमा रु दुई करोड ३० लाख बजेट विनियोजन गरेको हो। धार्मिक तथा पर्यटकीय पूर्वाधार निर्माण, मर्मत तथा स्तरोन्नतिका लागि २४ वटा आयोजना कार्यान्वयन गर्न एकीकृत सेवा कार्यालयलाई बजेट सुनिश्चित गरिएको हो भने बाँकी तीन वटा आयोजना प्रदेश सरकारअन्तर्गत कार्यान्वयन गर्नेगरीबजेट सुनिश्चित गरेको एकीकृत सेवा कार्यालय मुस्ताङका प्रमुख निरपति दर्जीले जानकारी दिनुभयो । उहाँका अनुसार कार्यालयलाई धार्मिक तथा पर्यटकीयस्थलको मर्मत, स्तरोन्तिका लागि रु एक करोड ५० लाख र प्रदेश सरकारबाट अख्तियारी प्राप्त तीन वटा आयोजनाका लागि रु ८० लाख बजेट विनियोजन भएको छ। चालु आवका लागि लोमान्थाङ गाउँपालिकामा पाँच, लोघेकर दामोदरकुण्ड गाउँपालिकामा एक, बारागुङ मुक्तिक्षेत्र गाउँपालिकामा दुई, घरपझोङ गाउँपालिकामा नौ र थासाङ गाउँपालिकामा सात वटा आयोजना परेका एकीकृत सेवा कार्यालयले जनाएको छ। यसैगरी, प्रदेश सरकारबाट अख्तियारी प्राप्त भई कार्यान्वयनको चरणमा रहेका तीन आयोजनामध्ये थासाङ, घरपझोङ र लोमान्थाङ गाउँपालिकामा एक/एक वटा परेका प्रमुख दर्जीले जानकारी दिनुभयो । धार्मिक तथा पर्यटन पूर्वाधारसम्बन्धी पाँच वटा आयोजनाका लागि रु २५ लाख बजेट परेको छ । सोमध्ये लोमान्थाङमा रहेका ऐतिहासिक तथा धार्मिक चार वटा गुम्बाको मर्मत तथा स्तरोन्नति र एक पर्यटकीयस्थलको पूर्वाधार स्तरोन्नतिका लागि उक्त बजेट विनियोजन भएको उहाँले बताउनुभयो।

लोघेकर दामोदरकुण्ड गाउँपालिकामा चराङ गुम्बा मर्मत तथा स्तरोन्नति गर्न रु पाँच लाख बजेट छुट्याइएको जनाइएको छ। बारागुङ मुक्तिक्षेत्र गाउँपालिकामा दुई आयोजनाका लागि रु १० लाख बजेट परेको छ । यहाँ बारागुङ मुक्तिक्षेत्र-४ तिरीस्थित गुम्बा मर्मत तथा स्तरोन्नति र बारागुङ मुक्तिक्षेत्र-३ छुसाङदेखि लोघेकर दामोदरकुण्डको ताङ्ग्या जाने पर्यटकीय पदमार्ग स्तरोन्नति गर्न उक्त बजेट विनियोजन भएको हो । घरपझोङ गाउँपालिकामा नौ वटा आयोजनाका लागि रु ५० लाख बजेट परेको छ। घरपझोङस्थित एयरपोर्ट पुथाङ भिरमा पर्यटकीय पूर्वाधार, जोमसोम पर्यटक पार्क निर्माण, इको म्युजियममा आवश्यक पर्यटकीय पूर्वाधार, छैरो छहरामा पर्यटन पूर्वाधार, ठिनी पर्यटकीय पूर्वाधार, ढुम्बाताल संरक्षण तथा सौन्दर्यीकरण, नीलगिरि भ्यू पार्क र रिसुम गुम्बा जाने पदमार्ग निर्माण गर्न उक्त बजेट परेको हो।

थासाङ गाउँपालिकामा सात आयोजनाका लागि रु ५० लाख बजेट विनियोजन भएको छ। यहाँ गुरुसाङ्बो धार्मिक क्षेत्रमा जीर्ण अवस्थामा रहेको ध्यान गर्ने कोठा निर्माण, नाखेधारा झरना पर्यटन पूर्वाधार निर्माण र छाक्ताङदेखि खल्ह्यु गोरेटो पदमार्ग निर्माण गरिने एकीकृत सेवा कार्यालयले उल्लेख गरेको छ । थासाङमा थकाली सामुदायिक ऐतिहासिक कोतघरको तला थप्ने, नाङसुङ गुम्बा मर्मतसम्भार, कालोपानी स्याकुप्रा पर्यटन मार्ग निर्माण र कालोपानी धुलो डाँडा भ्यू टावर पर्यटन मार्ग विस्तारलगायत आयोजना छन् । गण्डकी प्रदेश सरकारमार्फत यहाँस्थित एकीकृत सेवा कार्यालयले कार्यान्वयन गर्ने थासाङ गाउँपालिकामा अवस्थित धौलागिरि आइसफल पर्यटकीय पदमार्ग तथा पर्यटकीय पूर्वाधार निर्माणमा रु ४० लाख, घरपझोङ-४ जोमसोमस्थित कालीगण्डकी नदीमा रहेको ठूला चट्टानमा मूर्तिकला र शालिग्रामलगायत आकृति निर्माणमा रु २० लाख र लोमान्थाङ-१ छोसेरस्थित झोङ केपमा पर्यटकीय पार्क निर्माणमा रु २० लाख बजेट कार्यान्वयनको चरणमा रहेका कार्यालय प्रमुख दर्जीले जानकारी दिनुभयो।

# जानीजानी वनमा डढेलो लगाउने प्रवृत्ति बढ्दो

**रासस**
दमौली, १० चैत

सामुदायिक वनमा मानिसले जानीजानी डढेलो लगाउने प्रवृत्ति बढ्दै गएको छ । सामुदायिक वनमा ९० प्रतिशभन्दा बढी डढेलो मानव सिर्जित हुने गरेको डिभिजन वन कार्यालय तनहुँका प्रमुख मनोज रानाभाटले जानकारी दिनुभयो।

त्यसमध्ये ६४ प्रतिशत डढेलो मानिसले जानाजान लगाउने गरेको रानाभाटले बताउनुभयो। मानिसले जानीजानी लगाउने डढेलो नियन्त्रण नै अहिलेको प्रमुख चुनौती रहेको उहाँको भनाइ छ। उहाँले भन्नुभयो, "सामुदायिक वनमा यत्तिकै आगो लाग्ने सम्भावना निकै कम छ, मानिसले नयाँ घाँस पलाउँछ भनेर डढेलो लगाइदिने गरेका छन् । यसलाई पूर्ण रूपमा रोक्न सकिएको छैन ।" रानाभाटका अनुसार चरिणका लागि आगो लगाउने प्रवृत्ति ३० प्रतिशत, चुरोट पिउनेबाट १५, शिकारीबाट सात, वनभोज क्याम्पफाइरिङ आउनेहरूबाट सात, बच्चाहरू खेल्दा छ, अवैध काठ कटान गर्नेहरूबाटपाँच,अतिक्रमणकारीबाट पाँच, खोरिया फँडानीबाट पाँच, गोल पोल्नेबाट चार प्रतिशत र बाँकी जडिबुटी सङ्कलकबाट डढेलो लाग्ने गरेको छ। आर्थिक वर्ष २०८०/८१ मा ७१ वटा सामुदायिक वनका एक हजार ३२२ हेक्टर क्षेत्रफलमा डढेलो लागेको थियो । यस्तै आव २०८१/८२ मा ८४ सामुदायिक वनका छ सय ६२ हेक्टर क्षेत्रफलमा डढेलो लागेको रानाभाटले जानकारी दिनुभयो। दक्ष जनशक्तिको कमी, आधुनिक उपकरणको अभाव, बजेट कमलगायत कारणले डढेलो नियन्त्रणमा समस्या हुँदै आएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "वनमा डढेलो लगाउनेलाई नियन्त्रणमा लिएर कारबाही गर्न पनि सकेका छैनौं, लुकिछिपी डढेलो लगाउँदा पहिचान खुलाउनै गाह्रो भइरहेको अवस्था छ ।" उहाँका अनुसार जिल्लाभर छ सय २५ सामुदायिक वन छन्।

सामुदायिक वनका उपभोक्तालाई डढेलो नियन्त्रणका लागि सचेतनामूलक कार्यक्रम भइरहेका छन् । डिभिजन वन कार्यालय र आठ वटा सवडिभिजन कार्यालयमार्फत सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको वन अधिकृत राजकुमार श्रेष्ठले जानकारी दिनुभयो । उहाँका अनुसार वन डढेलोले कम्तिमा दश प्रतिशत तापक्रम बढाउने गर्दछ। डढेलोबाट भुइँमा झरेका रुखको बीउ डढेर उम्रन नपाउने, लाथ्रा अवस्थाको वनमा डढेलो लागेमा रुखमा धोद्रो हुने, डढेलोले वनमा भएको जैविक विविधतामा ह्रास आउने, वन्यजन्तुको वासस्थान विनाश भई त्यसको संरक्षण र विकासमा बाधा पुग्ने, वनमा लागेको आगो नजिकको गाउँघरमा सरी जनधनको क्षति हुनेलगायत जोखिम रहेका वन अधिकृत श्रेष्ठले बताउनुभयो । गर्मी मौसममा बिडी, चुरोट खाएर जथाभाबी फाल्नाले, वन्यजन्तु भगाउन तथा नयाँ घाँस उमार्नका लागि आगो लगाउनाले डढेलो झन बढ्दै गएको उहाँको भनाइ छ । यसैगरी वन डढेलो नियन्त्रणलाई प्रभावकारी र द्रुत बनाउन तनहुँमा बहुपक्षीय सहभागितासहित र्‍यापिड रेस्पोन्स टिम (द्रुत प्रतिकार्य टोली) गठन गरिएको छ । डिभिजन वन कार्यालय तनहुँको पहलमा वन, प्रशासन, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना तथा सामुदायिक वन उपभोक्ता महासङ्घका प्रतिनिधिसहित उक्त टोली गठन गरिएको हो।

वन अधिकृत श्रेष्ठको संयोजकत्वमा गठित समितिको सदस्यहरूमा जिल्ला प्रशासन कार्यालयका कर्मचारी गोपाल पोखरेल, जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक शिव पाठक, सशस्त्र प्रहरी बलका निरीक्षक रामशरण विष्ट, अनुसन्धान अधिकृत रेवन पोखरेल, कालीभञ्जन गण (इ) का सहसेनानी पोखरेन्द्र राना तथा सामुदायिक वन उपभोक्ता महासङ्घ तनहुँका अध्यक्ष विष्णुकुमार श्रेष्ठ रहनुभएको छ । टोली गठनसँगै वन डढेलो लाग्ने बित्तिकै तत्काले घटनास्थलमा पुगेर नियन्त्रण, उद्धार तथा समन्वय कार्यलाई तीव्र बनाउने लक्ष्य राखिएको छ। विशेषगरी सुख्खा मौसममा डढेलोको जोखिम बढ्दै जाने भएकाले पूर्वतयारी स्वरूप यस्तो टोली गठन गरिएको संयोजक श्रेष्ठले बताउनुभयो। श्रेष्ठले वन डढेलो नियन्त्रणमा ढिलाइ हुँदा ठूलो क्षति हुने भएकाले तत्काल प्रतिक्रिया दिने संयन्त्र आवश्यक भएको बताउनुभयो । उहाँले भन्नुभयो, "डढेलो नियन्त्रणमा समय सबैभन्दा महत्वपूर्ण हुन्छ। त्यसैले विभिन्न निकायबीच समन्वय गरी छिटो परिचालन हुने गरी रेस्पोन्स टिम गठन गरिएको हो।" उहाँले स्थानीय तह, सामुदायिक वन उपभोक्ता समूह तथा सर्वसाधारणसँग सहकार्य गरेर सचेतना अभिवृद्धि, निगरानी तथा पूर्वतयारीका कार्यक्रमलाई पनि सँगसँगै अघि बढाइने जानकारी दिनुभयो । "मानवीय लापरबाहीका कारण धेरैजसो डढेलो लाग्ने भएकाले जनचेतना अत्यन्त आवश्यक छ", उहाँले भन्नुभयो। सम्बन्धित निकायहरूको संयुक्त प्रयासबाट वन डढेलो न्यूनीकरणमा प्रभावकारी उपलब्धि हासिल हुने अपेक्षा गरिएको छ। साथै, टोलीले जोखिमयुक्त क्षेत्रको पहिचान, नियमित निगरानी तथा आकस्मिक अवस्थामा तत्काल परिचालन भई क्षति न्यूनीकरण गर्ने लक्ष्य राखिएको डिभिजन वन कार्यालयका प्रमुख रानाभाटले जानकारी दिनुभयो।

# कीर्तिपुरमा मृत भेटिएका कागमा बर्डफ्लु पुष्टि

**रासस**
काठमाडौं, १० चैत

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय परिसरमा मृत भेटिएका ठूलो सङ्ख्याका कागहरूमा बर्डफ्लु सङ्क्रमित भएको पुष्टि भएको छ।

कीर्तिपुर नगरपालिका तथा पशु स्वास्थ्य विभागको संयुक्त टोलीले त्रिवि परिसरमा मृत फेला परेका ६८ वटा काग सङ्कलन गरी आज पुरेको छ।

"त्यहाँ अझै मरेका काग भेटिएका छन्, मरेका सबै काग आज सङ्कलन गर्न नसकिएकाले भोलि पनि काम जारी राख्ने छौँ", रासससँग कुरा गर्दै नगरपालिकाकी पशुसेवा प्रमुख सुशीला गैरेले बताउनुभयो । उहाँका अनुसार शाखामा एक साताअघि स्थानीय व्यक्तिले त्रिविको वीरेन्द्र राज्याभिषेक उद्यानमा कागहरू मरेको खबर गरेका थिए।

प्रमुख गैरेका अनुसार परीक्षणका लागि १० वटा मृत काग पशुसेवा विभागको प्रयोगशालामा पठाइएको थियो। प्रयोगशालामा परीक्षण गरेपछि ती कागमा बर्डफ्लु पुष्टि भएको हो । त्यसपछि नगरपालिका र पशुसेवा विभागका टोलीले आज मरेका काग सङ्कलन गर्ने निर्णय गरेको थियो । साथै सोही स्थानमा अन्य पंक्षी मृत भेटिएमा सोको नमूना सङ्कलन गर्न निर्देशन पनि टोलीलाई दिइएको थियो । सोहीअनुसार आज अपराह्न ३ बजेदेखि मृत काग सङ्कलन गर्न थालिएको थियो । आज सङ्कलन गरिएका ६४ वटा काग खाल्डो खनी गाडिएको छ । उद्यानमा अन्य चरा भने त्यसरी मरेको नभेटिएको प्रमुख गैरेले बताउनुभयो । "खुला स्थानमा जताततै उड्ने पंक्षी भएकाले कुखुरामा देखिने बर्डफ्लुभन्दा यसको नियन्त्रण जटिल हुन्छ", उहाँले भन्नुभयो । उहाँका अनुसार कीर्तिपुर नगरपालिका क्षेत्रमा कुखुराका दाना ओसारपसार नगर्न सार्वजनिक सूचनासमेत जारी गरेको छ । यसबारेमा राससँग कुरा गर्दै पशुसेवा विभागका वरिष्ठ पशु चिकित्सक मुकुल उपाध्यायले मृत कागमा एचफाइ एन वान र एच नाइन गरी दुवै खालको बर्डफ्लु भाइरस देखिएको जानकारी दिनुभयो।

डुलुवा पंक्षीमापर्ने कागमा फिरन्ते चराबाट बर्डफ्लु सङ्क्रमण भएको हुनसक्ने उहाँको अनुमान छ । केही वर्षअघि राजधानीस्थित बेलायती राजदूतावास परिसरमा पनि यसै गरेर कागमा सङ्क्रमण देखिएको जानकारी पनि उहाँले दिनुभयो। यस्तो समस्या विभिन्न समयमा देखिने बताउँदै उपाध्यायले त्यसले अरु चरालाई सार्ने जोखिम पनि उत्तिकै रहेको समेत बताउनुभयो । "त्यसैले कुखुरा, बटाई वा कालिजपालक किसानलाई जङ्गली चराचुरुङ्गी, कुकुर वा बिराला जान नसक्ने गरी खोरको व्यवस्थापन गर्न तथा खुल्ला ढङ्गले चराचुरुङ्गी नपाल्न आग्रह गरिएको छ", उहाँको भनाइ छ।

सङ्क्रमण भयो भन्दैमा अन्यत्रका पनि कागलाई खोजी खोजी मार्ने जस्ता काम भने गर्न नहुने भनाइ उहाँको छ । साथै मरेका कुखुरा बङ्गुरलाई खुवाउने वा कुन स्रोतबाट आएको भन्ने थाहा नभइ सस्तो पाएकै भरमा कुखुराको मासु उपभोग नगर्न पनि उहाँले आग्रह गर्नुभयो।

# अझै ४२ प्रतिशत क्षयरोगका बिरामी उपचार बाहिर

**रासस**
काठमाडौं, १० चैत

नेपालमा ४२ प्रतिशत क्षयरोगका बिरामी उपचार बाहिर रहेको पाइएको छ।

मंगलबार विश्व क्षयरोग दिवस मनाइरहँदा राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रका निर्देशक डा भुवन पौडेलले नेपालमा बर्सेनि ६७ हजार क्षयरोगका नयाँ बिरामी भेटिने गरेकामा ४२ प्रतिशत उपचार बाहिर रहेको बताउनुभयो । उहाँले उपचारको दायराभन्दा बाहिर रहेका बिरामीलाई उपचारमा ल्याउन चुनौती रहेको बताउनुभयो।

नेपालमा २०८१/०८२ मा औषधि संवेदनशील क्षयरोगका बिरामी ३९ हजार १५१ जना पहिचान गरिएको थियो । तीमध्ये ६१ प्रतिशत पुरुष, ३९ प्रतिशत महिला र पाँच दशमलव छ प्रतिशत १५ वर्षमुनिका बालबालिका रहेका थिए । उपचारमा रहेका बिरामीमध्ये ७२ प्रतिशत फोक्सोसम्बन्धी क्षयरोग र २८ प्रतिशत फोक्सोबाहेकका अङ्गका क्षयरोग देखिएका थिए। यस्तै, औषधि प्रतिरोधी क्षयरोगका बिरामी ६२५ जना रहेका थिए। केन्द्रका निर्देशक डा पौडेलले औषधि संवेदनशील क्षयरोगमा ९२ प्रतिशत र औषधि प्रतिरोधी क्षयरोगमा ७६ प्रतिशत उपचार सफलता पाइएको बताउनुभयो । उहाँका अनुसार क्षयरोगका कारणले ५१ प्रतिशत बिरामी र तिनका परिवारले आर्थिक भार बेहार्नुपरेको छ । समाजमा क्षयरोगीलाई लाञ्छना र सामाजिक भेदभाव पनि समस्याका रूपमा रहेको उहाँले उल्लेख गर्नुभयो। नेपालमा हरेक वर्ष १६ हजारको क्षयरोगका कारण मृत्यु हुने गरेको जनाइएको छ । यस रोगबाट मृत्यु दर प्रतिएक लाखमा ५३ जना रहेको छ। निर्देशक डा पौडेलले नियमित औषधि सेवन गरे ९२ प्रतिशत क्षयरोग निको हुने बताउनुभयो। "नियमित छ महिना औषधि खाएका सय जनालाई हामीले परीक्षण गरेका थियौँ । तीमध्ये ९२ प्रतिशतको उपचार सफल भएको पाइयो", उहाँले भन्नुभयो,"यसकारण समयमा र नियमित उपचार गर्न यो रोग लागेकाहरूलाई आग्रह गर्दै आएका छौँ ।"सरकारले सन् २०५० सम्म क्षयरोगलाई निवारण गर्ने लक्ष्य लिएको छ। सन् २०५० मा १० लाखमा एक जना क्षयरोगका बिरामी झार्ने लक्ष्य रहेको जनाइएको छ । केन्द्रका निर्देशक डा पौडेलका अनुसार सन् २०३५ मा एक लाखमा १० जनाभन्दा कममा क्षयरोगको सङ्क्रमण झार्ने लक्ष्य रहेको छ। मंगलबार 'हो हामी क्षयरोग अन्त्य गर्छौं । राष्ट्रिय अभियान हाम्रो योगदान' भन्ने नाराका साथ दिवस मनाइएको छ।


**Tribhuvan University**

**Institute of Forestry (IOF)**

**Pokhara Campus, Pokhara**

## Invitation for Bids

First Publication Date: 2082 Chaitra 11

**Supply and Delivery of 2WD Jeep**

1. Office of IOF, Pokhara Campus, Pokhara Kaski invites sealed bids from eligible bidders for the procurement of the following items:

| Description | Quantity | Estimated Cost (Including VAT and all other Taxes) |
|---|---|---|
| Five Door, Two wheel drive jeep, at least 7 seater, Four-cylinder Diesel Engine, more than 2100 CC, wheelbase above 2600mm, fuel tanks not less than 50 liters, and ground clearance minimum 180mm. | One | NRs. 6,600,000.00 |

2. Eligible bidders may obtain further information and inspect the bidding documents at the Office of IOF, Pokhara Campus, Pokhara Kaski Tel: 061433766, Email: info@iofpc.edu.np
3. Bidding documents may be purchased from the above office by eligible bidders on the submission of a written application accompanied by a letter of Authority from suppliers to the address above, along with a copy of the company/firm registration certificate and Tax Clearance Certificate valid for F.Y. 2081/082, VAT/PAN Registration Certificate and upon payment of a non-refundable fee of NRs. 3,000/- deposited in the account (account name: Forestry Institute & account number 19200100579572000001) of Nepal Bank Limited, Prithvi Chowk Branch.
4. Sealed Bids must be submitted, including the deposit of 2.5% of the bid amount in the form of cash OR bank guarantee of any commercial bank to Office of IOF, Pokhara Campus, Pokhara-15, Kaski on or before 12:00 PM (Noon) on 2083 Baishak 10. Documents received after this deadline shall not be accepted.
5. Bids shall be opened in the presence of Bidders' representatives, who choose to attend at the address above at 2:00 PM on 2083 Baishak 11.
6. If the last date of purchasing, submission and opening falls on a government holiday, then the next working day shall be considered the last day. In such a case, the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.
7. Bids should comply in all respects with the Instruction to Bidder included in the bid document. Noncompliance with this instruction shall result in disqualification.
8. The purchaser reserves the right to accept or reject, wholly or partly, any or all the bids without assigning any reason, whatsoever.
9. Details which are not mentioned in the notice are followed by the Public Procurement Act 2063 and the Public Procurement Regulation 2064.

Campus Chief